| | | | | | |
|---|---|---|---|---|---|
| नेपाल खारभंज्याङ विशेष अदालत ऐन २०११ का — | १० | ३ (१) | २ | प्रधान न्यायालय | प्रधानन्यायालयको |
| ऐ | १२ | उद्देश्य र कारण | १२ | पर्सिरहनु परी | फर्सिरहनुपरी |
| वस्तु नियन्त्रण अल्पकालीन अधिकार ऐन २०१२ —— | १५ | ४ (२) (ज | ४ | खानतला ी | खानतलासी |
| ऐ | १५ | ४ (२) (ञ) | ६ | आ ा | जारी |
| ऐ | १५ | ६ | १ | अन्तर्ंत | अन्तर्गत |

आज्ञाले:—
तिलकशमशेर थापा,
सेक्रेटरी— कानूनविभाग.

## गृहविभागको विज्ञप्ति

गृ. फु. १००६ — ८–६–०११

श्री ५ महाराजाधिराजका हजुरमा भारत सरकारबाट इन्डियन आर्मीका अनरेरी जनरल र भारतमा रहेका सबै गोरखा रेजिमेन्टहरूका अनरेरी कर्णेलका टाइटिल प्रदान गर्ने प्रस्ताव गरेकोमा सो टाइटिल धारण गर्न श्री ५ महाराजाधिराजबाट स्वीकार गरिबक्सेको छ। उक्त टाइटिलको स्वर्ड र बेल्ट श्री ५ महाराजाधिराजका हजुरमा चढाउने समारोह पछि हुनेछ।

रक्षा विभागको एउटा विज्ञप्तिद्वारा थाहा पाइएको छ कि श्री ५ महाराजाधिराजद्वारा राष्ट्रीय सेनाको देशसेवा र राजभक्तिको कदर गरिबक्सी मौसुफको जन्मदिवसको उपलक्षमा सोही मितिदेखि राष्ट्रीय सेनाको फिल्ड मार्शलको पद सुशोभित गरिबक्सेको छ।

355
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उक्त विज्ञप्तिअनुसार अबउप्रान्त मौसूफको प्रशस्तिमा सुप्रीम कम्याण्डर ईनचीफको स्थानमा 'फिल्ड मार्शल र सुप्रीम कम्याण्डर ईनचीफ' भनी लेखिनेछ।

आज्ञाले,—

मानबहादुर,

का मु सेक्रेटरी—गृहबिभाग.

## पब्लिक सर्भिस कमिशनको विज्ञापननं. ८

स्वास्थ्यविभाग डब्ल्यू. एच्. ओ. अन्तर्गत हेल्थ असिस्टेन्ट स्कूललाई एकजना नेशनल काउन्टर पार्ट फर डाइरेक्टर हेल्थ असिस्टेन्ट स्कूल चाहिएको छ। योग्य नेपाली उमेदवारहरूले प. स.क. दरखास्त फाराम नं. १.(२०१०) मा भरी २०१२ साल भाद्र २ गते रोज ५ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ दरखास्तसाथ फी पठाउनुपर्दैन।

पदको विवरण यस प्रकार छ।—

१. पद:—नेशनल काउन्टर पार्ट फर डाइरेक्टर हेल्थ असिस्टेन्ट स्कूल. गजेटेड, २ वर्षको अस्थायी।

२. आवश्यक न्यूनतम योग्यता:—एम्. बी. बी एस्।

३. विशेष योग्यता:—छात्रहरूलाई स्वास्थ्यसम्बन्धी शिक्षा दिन सक्ने।

४. मासिक तलब:—मो.रु. २००।

५. मासिक विशेष तलब वा भत्ता:—बाहिर बेरामी हेरी प्राक्टिस गर्न नपाउने बापत मो.रु. २००।

६. काम:—छात्रहरूलाई स्कूलमा स्वास्थ्यका सम्बन्धमा पढाउने।

आज्ञाले—

खड्गमान मल्ल,

सेक्रेटरी — पब्लिक सर्भिस कमिशन.

सिंहदरबार, काठमाडौं, नेपाल।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।